बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७९ साल फाल्गुन महिनाको २१ गते सोमबारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगर पालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "सोह्रौं" बैठक बसी तपशिल बमोजिम को उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो।

## उपस्थिति :–

| | | | |
|---|---|---|---|
| [signature] | १, | प्रमुख | श्री गुमान सिंह अर्याल |
| [signature] | २, | उप-प्रमुख | श्री पद्मा गुरुङ |
| [signature] | ३, | प्र.प्र. अधिकृत | श्री इमनाथ कडेल |
| [signature] | ४, | वडा अध्यक्ष वडा नं (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| [signature] | ५, | —"— (२) | श्री मदन बहादुर राना |
| अनुपस्थित | ६, | —"— (३) | श्री चित्र बहादुर दनाई |
| [signature] | ७, | —"— (४) | श्री राम बहादुर गुरुङ |
| [signature] | ८, | —"— (५) | श्री इन्द्र बहादुर गुरुङ |
| [signature] | ९, | —"— (६) | श्री प्रकाश थापा |
| [signature] | १०, | —"— (७) | श्री ऋषिराम बस्नेत |
| [signature] | ११, | —"— (८) | श्री पवित्रा थापा राना |
| अनुपस्थित | १२, | —"— (९) | श्री खुशीजङ गुरुङ |
| [signature] | १३, | —"— (१०) | श्री गंगा बहादुर थापा |
| [signature] | १४, | —"— (११) | श्री शिव प्रसाद जोशी |
| [signature] | १५, | कार्यपालिका सदस्य | श्री हिरालाल विश्वकर्मा |
| [signature] | १६, | —"— | श्री श्रीनाथ दुलाल |
| [signature] | १७, | —"— | श्री कल्पना थापा बोहरा |
| [signature] | १८, | —"— | श्री विमला न्यौपाने अधिकारी |
| [signature] | १९, | —"— | श्री सुकमाया गुरुङ |
| [signature] | २०, | —"— | श्री सुक माया बर्ती |
| [signature] | २१, | —"— | श्री मानिता परियार |

## सहजकर्ता कर्मचारी :-

| | | | |
|---|---|---|---|
| [signature] | २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| [signature] | २३, | अधिकृत | श्री गोविन्द बहादुर राउत |

[signature]
गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/११/२९ को बैठक

# बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

*नगर कार्यपालिकाको मिति २०७९ फागुन २९ गतेको बैठकका प्रस्तावहरु*

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. दोश्रो चौमासिक प्रगति समीक्षा सम्बन्धमा ।
३. पर्यटनतर्फको आयोजना छनौट सम्बन्धमा ।
४. भुक्तानी अनुमोदन सम्बन्धमा ।
   - ५ नं वडा कार्यालयको भवन निर्माण
   - पुरानोकोट स्वास्थ्य चौकी प्रसुती गृह निर्माण

५. वडास्तरीय योजना संशोधन सम्बन्धमा । (वडा नं २,५,७, ८ र ११ )
६. सामाजिक समितिबाट लक्षित कार्यक्रमको सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
७. बालबालिकाको बस्तुगत विवरणको लागि बजेट विनियोजन सम्बन्धमा ।
८. पशुविमाको कार्यक्रमको लागि अपुग रकम सम्बन्धमा ।
९. स्तनपान कक्ष र हेल्थ डेस्क स्थापनाको लागत सम्बन्धमा ।
१०. स्वास्थ्य शिविर सम्बन्धमा ।
   - मानसिक रोग विशेषज्ञ सेवा शिविर
   - प्रजनन् स्वास्थ्य लगायतको स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।

११. उदिपुर कालिका मन्दिरको डिपिआर अनुसार निर्माण कार्य शुरु गर्ने सम्बन्धमा ।
१२. ठेक्का भेरियसन सम्बन्धमा ।
   - पुरानोकोट गढी स्तुपा
   - उदिपुर रिठ्ठेबगर सडक (सडक बोर्डतर्फको)

१३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको सम्बन्धमा
   - सेवा सदन मावि बेनपा ४ पुरानोकोट
   - बाल विकास मावि बेनपा ११ चिती

१४. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि सहयोग सम्बन्धमा ।
१५. औद्योगिक ग्रामको डिपिआर स्वीकृत गर्ने सम्बन्धमा
१६. बेसीशहर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता बोर्ड (गठन तथा सञ्चालन) निर्देशिका, २०७९ स्वीकृत गर्ने तथा बोर्डलाई पूर्णता दिने सम्बन्धमा ।
१७. प्राकृतिक श्रोत उपयोग करको सम्बन्धमा ।
१८. विविध
   - घर निर्माण स्वीकृतिको नाम संशोधन सम्बन्धमा ।
   - शिक्षा अवलोकन भ्रमणमा थप रकम रु १ लाख ५० हजार

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/११/२९ को बैठक

- शौचालय नभएका घरपरिवारहरुको सम्बन्धमा ।
- पुरानोकोट गढीमा अत्यवश्यकीय पूर्वाधारको सम्बन्धमा ।
- वडा कार्यालय निर्माणस्थल संरक्षण सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०७९ माघ २६ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस कार्यपालिका बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : दोश्रो चौमासिक प्रगति समीक्षा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक बर्ष २०७९।८० को दोश्रो चौमासिक प्रगति समीक्षा बैठक मिति २०७९ चैत ७ गते मंगलबारका दिन आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : पर्यटनतर्फको आयोजना छनौट सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत पर्यटनतर्फ २ वटा होमस्टे गाउँ प्रवर्द्धनको लागि रु २० लाख बजेट विनियोजन भएको र यस सम्बन्धमा आयोजना प्रस्तावको लागि प्रकाशित सूचना वमोजिम होमस्टे गाउँहरुबाट पर्न आएका ५ वटा प्रस्तावहरु मूल्यांकन गर्दा देहायका आयोजनाहरु छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।
देहाय :

(क) काउलेपानी कोशेली घर तथा पर्यटन पदमार्ग निर्माण बेनपा ३, रु.१०,००,०००।- (दश लाख)
(ख) मगर संग्रहालय स्तरोन्नति, बेनपा २, नरुवल पाखाथोक रु.१०,००,०००।- (दश लाख)

**निर्णय नं. ४ : भुक्तानी अनुमोदन सम्बन्धमा ।**

(क) बेसीशहर नगरपालिका स्थित ५ नं वडा कार्यालय भवन निर्माणको बाँकी कामको लागि गत आ.व.मा सिद्धि विनायक निर्माण सेवासंग रु. ११,१७,४६८।- मा ठेक्का सम्झौता भएकोमा गत आ.व.मा काम सम्पन्न हुन नसकी चालु आ.व मा म्याद थप गरी निर्माण व्यवसायी मार्फत निर्माण कार्य जारी रहेको अवस्थामा रनिङ बीलको आधारमा भुक्तानी दिनुपर्ने भएकोले प्रदेश समपुरकतर्फको जिल्ला अस्पताल चोकदेखि मर्स्याङ्दी मोटरेवल पुल हुँदै १० नं वडा कार्यालय जाने सडक स्तरोन्नति अन्तर्गत ठेक्का सम्झौताबाट बाँकी रहन गएको बजेटबाट रु.७,७०,४२३।- (सात लाख सत्तरी हजार चार सय तेइस मात्र) भुक्तानी दिइएको व्यहोरालाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) बेसीशहर नगरपालिका वडा नं ४ स्थित बर्थिङ सेन्टर निर्माणको लागि गत आवमा सिद्धि विनायक निर्माण सेवा र नगरपालिका विच रु. ३८,२२,५८६।३७ मा ठेक्का सम्झौता भई निर्माण कार्य थालिएकोमा गत आवमा कार्य सम्पन्न हुन नसकी चालु आ.व २०७९।८० ठेक्का सम्झौताको म्याद थप गरी भवन निर्माण कार्यको लागि निरन्तरता दिइएको हुँदा कार्य सम्पन्न प्रतिवेदनको आधारमा रनिङ बिलको आधारमा प्रदेश समपुरकतर्फको जिल्ला अस्पताल चोकदेखि मर्स्याङ्दी मोटरेवल पुल हुँदै १० नं वडा कार्यालय जाने

सडक स्तरोन्नति अन्तर्गत ठेक्का सम्झौताबाट बाँकी रहन गएको बजेटबाट रु. १४,६८,३०६।९४ भुक्तानी दिइएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० का देहायका नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम देहाय बमोजिम संशोधन/रकमान्तर/ब्रेक डाउन गर्ने निर्णय गरियो ।

देहाय

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.१ पुरानोगाउँ शाखा सडक स्तरोन्नति, बेनपा ५<br>१.२.फोहरमैला व्यवस्थापन, बेनपा ५ | १०००००<br>१००००० | १ फोहरमैला व्यवस्थापन, बेनपा ५ | २००००० |
| २ तामाङ घेदुङ भवन पहिरो नियन्त्रण, बेनपा ७ | १५०००० | २.तामाङ घेदुङ बैठक हल स्तरोन्नति ( जाली राख्ने) बेनपा ७ | १५०००० |
| ३.स्वास्थ्यतर्फ, बेनपा २ | १००००० | ३.१ महिला स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण, बेनपा २<br>३.२ महिलाहरुको क्षमता अभिबृद्धि कार्यक्रम, बेनपा २ | ७००००<br>३०००० |
| ४. होमस्टे तालिम तथा सम्भाव्यता अध्ययन, बेनपा ११ | ७५००० | ४.१ सन्तानेश्वर शिव मन्दिर कार्यक्रम खर्च एवम् व्यवस्थापन, बेनपा ११<br>४.२ चिती कार्कीडाँडा सेवा समाज डायरी निर्माण खर्च | ३५०००<br>४०००० |
| ५. शिक्षा बेनपा ११ | १०,००,००० | सिम्ले बस्नेतगाउँ स्याउतखोला सडक ट्याक निर्माण, बेनपा ११ | ५०००० |
| ६.भकुण्डे बाँझोबारी कुलो मर्मत, बेनपा ११ (०७९।९।२२ को नि नं १५ ११.२) | ५०००० | ६.कार्यालय फर्निचर र प्रिन्टर खरिद, बेनपा ११ | ५०००० |
| ७. स्वास्थ्य, बेनपा ११ | ४००००० | ७.१ वडा शिक्षा समिति भर्ना अभियान, बेनपा ११<br>७.२ शिद्धाश्रम शक्ति केन्द्र फलफूल खर्च<br>७.३ वडास्तरीय कृषि तालिम सामाग्री वितरण, बेनपा ११ | ५१०००<br>२५०००<br>३०००० |
| ८.गैरी कुलो मर्मत, बेनपा ११ ( ०७९।८।२७ नि नं २०,) | २०००० | झप्रिखेत कालिस्वाँरा बाटो मर्मत, बेनपा ११ | २०००० |
| ९.प्रकृति नारी सामुदायिक भवनको घेराबार निर्माण, बेनपा ८( | १००००० | ९. प्रकृति नारी सामुदायिक भवन स्तरोन्नति, बेनपा ८ | १००००० |

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| नगरस्तरीय) | | | |
| १०.मुश्लिम मरनघाट निर्माण, बेनपा ८ (नगरस्तरीय) | २००००० | १०. मस्जीद भवन स्तरोन्नति, बेनपा ७ | २००००० |
| ११.आकाश भान्छाघर पछाडिबाट गणेश मन्दिर जाने बाटो स्तरोन्नति, बेनपा ८ (वडास्तरीय) | २००००० | ११.कपुरेश्वर मन्दिर जाने सडक स्तरोन्नति, बेनपा ८ | २००००० |

**निर्णय नं. ६ : सामाजिक समितिबाट लक्षित कार्यक्रमको सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० को लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फका सम्पन्न गर्न बाँकी रहेका कार्यक्रमहरुको लागि आवश्यक निर्णय लिन सामाजिक विकास समितिलाई जिम्मेवारी प्रदान गरिएकोमा सो समितिले यस सम्बन्धमा गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : बालबालिकाको बस्तुगत विवरणको लागि बजेट विनियोजन सम्बन्धमा ।**

नगरपालिकाको बालबालिकाको बस्तुगत विवरण तयार गर्ने कार्यको लागि सामाजिक विकास समितिको बैठकबाट निर्णय भए अनुसार रु ११ लाखको लागत इष्टिमेट स्वीकृत गरी सो कार्यको लागि गत नगरसभाबाट विनियोजित फुटकर कार्यक्रम चालु बजेट शिर्षकको २४ लाख ७७ हजारमध्येबाट रु ६ लाख विनियोजन गरी प्रोफाइल निर्माण कार्य शुरु गर्ने र बाँकी रकम रु ५ लाखको लागि वर्ल्ड भिजनसंग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : पशुविमाको कार्यक्रमको लागि अपुग रकम सम्बन्धमा ।**

चालु आ.व.२०७९।८० को पशुसेवातर्फको कार्यक्रम अन्तर्गत पशुपंक्षी विमाको लागि रु.२ लाख ५० हजार विनियोजन भएकोमा उक्त रकम अपुग हुने देखिएको हुँदा पशुपंक्षी विमाको लागि थप रु. ५ लाख गत नगरसभाबाट विनियोजित फुटकर कार्यक्रम चालु बजेट शिर्षकको २४ लाख ७७ हजारमध्येबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : स्तनपान कक्ष र हेल्थ डेस्क स्थापनाको लागत सम्बन्धमा ।**

नगरपालिकाको प्रशासकीय भवनको हाता भित्र हाल ग्यारेज रहेको क्षेत्रमा स्तनपान कक्ष र हेल्थ डेक्स निर्माणको लागि लागत इष्टिमेट वमोजिम रु ६ लाख ५० हजार फुटकर योजना तथा कार्यक्रम पुँजीगत शिर्षकबाट विनियोजन गरी निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : स्वास्थ्य शिविर सम्बन्धमा ।**

देहायको स्वास्थ्य शिविरहरु देहायको मिति र स्थानमा देहाय वमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

(क)मानसिक रोग विशेषज्ञ सेवा शिविर २०७९ चैत ४ गते शनिबार लमजुङ जिल्ला अस्पतालमा सञ्चालन गर्ने । विशेषज्ञ सेवा वातप रु. ३५०००।- भुक्तानी दिने ।

(ख) प्रजनन् स्वास्थ्य लगायतको अन्य रोगहरुसंग सम्बन्धित स्वास्थ्य शिविर स्वीकृत बजेटको परिधिभित्र रही वडा नं ११ र वडा नं ४/५ मा मिति २०७९ चैत ११ र १८ गते एक/एक दिन सञ्चालन गर्ने ।

**निर्णय नं. ११ : उदिपुर कालिका मन्दिरको डिपिआर अनुसार निर्माण कार्य शुरु गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ मा अवस्थित उदिपुर कालिका मन्दिरको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने क्रममा मन्दिर निर्माणसंग सम्बन्धित प्रतिवेदन तयार भै सकेको हुँदा सो प्रतिवेदन वमोजिम मन्दिर निर्माण कार्य अघि बढाउन नीजि निर्माणकर्ता बुढानिलकण्ठ नपा ९ निवासी श्री प्रेमबाबु बिष्टलाई सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. १२ : ठेक्का भेरियसन सम्बन्धमा ।**

(क) पुरानोकोट गढीमा शान्तिस्तुपा सहितको भ्यू टावर र पार्क आयोजनाको निर्माणको लागि बेसीशहर नगरपालिका र पराजुली कन्स्ट्रक्शन विच ठेक्का सम्झौता भई कार्य सम्पन्न हुने अवस्थासम्म आइपुग्दा फिल्ड अवस्था अनुसार ढुंगाको वाल, ढुंगा छाप्ने, आरसिसी, फलामे छड, छाना, पिसिसी, इट्टाको वाल, काठको पोलको सट्टा फलामको पोल राखिएको, सम्झौताका बखतको परिमाण भन्दा कुनै आइटम बढी र कुनै आइटम घटी हुन गएको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा यसबाट भएको देहाय वमोजिमको भेरियसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| सम्झौता रकम | संशोधित रकम | बढी रकम रु | घटी रकम रु |
|---|---|---|---|
| ४,१०,९८,६९१ | ४,०५,११,१३७ | - | ५,८७,५५३ |

(ख) रिठ्ठेबगर उदिपुर सडक आयोजना निर्माणको लागि बेसीशहर नगरपालिका र सन्तोष निर्माण सेवा विच सम्झौता भई निर्माण कार्य अघि बढेकोमा रिठ्ठेबगर स्थित मर्स्याङ्दी नदि मोटरेवल पुल संरक्षण काममा शुरु लागत अनुमानमा जमिन सतह मुनि २ मिटर जमिन सतह माथि १ मिटर गरी जम्मा ३ मिटर उचाईको मेसिनरी वाल रहेकामा मर्स्याङ्दी नदिको बाढीको उच्च तहलाइ ध्यानमा राख्दा उचाई बढाउनु पर्ने र उचाई बढाउँदा परिमाणमा परीवर्तन आउने साथै वालको ब्याक फिलिङको लागि नयाँ आइटम थप गर्नुपर्ने भएको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा यसबाट भएको देहाय वमोजिमको भेरियसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| सम्झौता रकम | संशोधित रकम | बढी रकम रु | घटी रकम रु |
|---|---|---|---|
| ७९,२६,२३० | ७९१५४९४ | - | १०,७३६ |

**निर्णय नं. १३ : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व.मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत देहायका विद्यालयहरुमा भवन निर्माणको कार्यक्रम परेकोमा विद्यालयको विविध पक्षहरुको आधारमा नयाँ आरसिसी भवन निर्माण गर्न जग्गा उपलब्धता नभएको कारण विद्यमान आरसिसी भवनको माथिल्लो तलामा ट्रस राखि भवन/कोठा निर्माण गर्ने निर्णय गरियो ।

**देहाय**

(क)सेवा सदन मावि बेसीशहर नगरपालिका ४ पुरानोकोट

(ख)बाल विकास मावि बेसीशहर नगरपालिका ११ चिती रामचोकबेसी

**निर्णय नं. १४ : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि सहयोग सम्बन्धमा ।**

२०७९।१०।२६देखि २८ गतेसम्म नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुँद प्रतियोगिता बेसीशहरमा सम्पन्न भएको र उक्त प्रतियोगितामा सहभागी भएका विद्यालयहरुलाई यातायात, खाजा खाना वापतको प्रोत्साहन रकम जम्मा रु १ लाख ५० हजार शिक्षातर्फको सामुदायिक विद्यालय प्रोत्साहन कार्यक्रम शिर्षकमा रहेको ३ लाखमध्येबाट व्यहोर्ने गरी सहभागी विद्यार्थी संख्या र भौगोलिक दुरीलाई आधार मानी सामुदायिक विद्यालयहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५ : औद्योगिक ग्रामको डिपिआर स्वीकृत गर्ने सम्बन्धमा**

बेसीशहर नगरपालिका वडा नं ९ र ५ सितलेस्वाँरा क्षेत्रमा औद्योगिक ग्राम स्थापनाको लागि ज्ञानी इन्जिनियरिङ कन्सल्टेन्सी मार्फत तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त डिपिआर निर्माणको लागि २०७९ फागनु मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ : निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता बोर्ड (गठन तथा सञ्चालन) निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ : प्राकृतिक श्रोत उपयोग करको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ११ आर्मी ब्यारेक पारि पट्टी मर्स्याङ्दी नदिको प्रथम घुम्तीमा रहेको स्थानबाट श्रमिकको सहायताले बालुवा संकलन गर्नको लागि प्रेम गुरुङ भन्ने व्यक्तिको निवेदन परेको हुँदा संकलित परिमाणको नापजाँच वमोजिम राजश्व लिने गरी निजलाई संकलन र विक्रीको लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १८ : घर निर्माण स्वीकृतिको नाम संशोधन सम्बन्धमा ।**

मिति २०७९।८।२७ को कार्यपालिका बैठकको निर्णय नं २८ मा "बेसीशहर नगरपालिका वडा नं ७ स्थित राम प्रसाद वाग्लेको घर निर्माणको लागि दरखास्त परेको हुँदा बेसीशहर सडकको सेन्टर लाइनबाट १६ मिटरको दुरीमा घर निर्माणको लागि स्वीकृति दिने" भन्ने निर्णय भएकोमा रामप्रसाद वाग्लेको सट्टा निजको श्रीमती कृष्ण कुमारी वाग्ले राखी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ : शिक्षा अवलोकन भ्रमणमा भएको थप खर्च अनुमोदन सम्बन्धमा ।**

मिति २०७९।११। १० देखि १२गतेसम्म विद्यालयका प्रअ तथा शिक्षा समितिका पदाधिकारीहरुको लागि अध्ययन अवलोकन भ्रमणको आयोजना गरी सम्पन्न भएको र भ्रमण खर्चको लागि सो शिर्षकमा रहेको रकम २ लाख अपुग भई थप १ लाख ५० हजार पाठ्यक्रम प्रवोधिकरण र शिक्षकहरुको क्षमता विकास कार्यक्रम शिर्षकमा रहेको ३ लाख मध्येबाट व्यहोरिएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/११/२९ को बैठक

**निर्णय नं. २० : शौचालय नभएका घरपरिवारहरुको सम्बन्धमा ।**

जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गरिएको भएपनि विविध कारणले वडाहरुमा शौचालय नभएका घरपरिवार भेटिएको विषयमा बैठकमा ध्यानाकर्षण भई छलफल हुँदा खानेपानी,सरसफाई तथा स्वच्छता बोर्डको आगामी बैठकबाट यस सम्बन्धमा आवश्यक निर्णय लिने निर्णय गरियो ।

**निर्णय नं. २१ : पुरानोकोट गढीमा अत्यवश्यकीय पुर्वाधारको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका ४ पुरानोकोट गढीमा शान्ति स्तुपा सहितको भ्यूटावर निर्माण भएको कारणले हाल आन्तरिक पर्यटकहरुको आवागमन बढ्न गएको हुँदा देहायको अत्यावश्यकीय पूर्वाधारको लागि देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क) दिनको समयमा सुरक्षाकर्मी खटाउने व्यवस्थाको लागि जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने ।

(ख) विद्युतीकरणको लागि नेपाल विद्युत प्राधिकरण समक्ष अनुरोध गर्ने ।

(ग) खानेपानीको तत्कालिन दिर्घकालीन व्यवस्थाको लागि संघीय र प्रदेश सरकारसंग अनुरोध गर्ने ।

(घ) फोहरमैला व्यवस्थापनको कार्य नगरपालिकाबाट मिलाउने ।

**निर्णय नं. २२ : ७ नं वडा कार्यालय निर्माणस्थल संरक्षण सम्बन्धमा ।**

अधिकांश बेसीशहर बजार क्षेत्र पर्ने वडा नं ७ को वडा कार्यालय भवनको लागि लामो समयसम्म जग्गा उपलब्ध हुन नसकी हालसम्म वडा कार्यालय निर्माण हुन नसकेको अवस्थामा मनाङे चौतारा नजिकै सुनखोलामा आवश्यक जग्गा भेटिएको तर त्यस खोल्सालाई सम्म्याउनु पर्ने, वाल उठाई संरक्षण गर्नुपर्ने भएको हुँदा गत आवबाट नै सरक्षणको कार्य शुरु भै बजेट अभावमा सम्पन्न भै नसकेको हुँदा सो को लागि आवश्यक बजेट व्यवस्थाको लागि जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय मार्फत गण्डकी प्रदेश सरकार कृषि,ऊर्जा तथा जलश्रोत मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।